# प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचन (आर्थिक) निर्देशिका,२०७४

आयोगको स्वीकृत मितिः २०७४।६।२३

प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचन सञ्चालनको लागि निर्वाचन अधिकृतको कार्यालय तथा मतदान अधिकृतबाट विभिन्न शीर्षकमा हुने खर्च र अन्य आर्थिक कारोबार समेतको व्यवस्थापन गर्न निर्देशिका बनाई लागु गर्न बान्छनिय भएकाले,

निर्वाचन आयोग ऐन, २०७३ को दफा ५० ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले यो निर्देशिका बनाई लागू गरेको छ।

## परिच्छेद – १

## प्रारम्भिक

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस निर्देशिकाको नाम "प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचन (आर्थिक) निर्देशिका, २०७४" रहेको छ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>परिभाषा</u>:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,–

(क) "आयोग" भन्नाले नेपालको संविधानको धारा २४५ बमोजिमको निर्वाचन आयोग सम्झनुपर्छ।

(ख) "निर्वाचन कार्यालय" भन्नाले क्षेत्रीय वा जिल्ला निर्वाचन कार्यालय सम्झनुपर्छ।

(ग) "निर्वाचन अधिकारी" भन्नाले निर्वाचन कार्यालयको प्रमुख सम्झनुपर्छ।

(घ) "निर्वाचन" भन्नाले प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन सम्झनुपर्छ र सो शब्दले प्रतिनिधि सभा तथा प्रदेश सभाको उपनिर्वाचन समेत लाई जनाउँछ।

(ङ) "निर्वाचन क्षेत्र" भन्नाले प्रचलित कानून वमोजिम निर्धारित प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचन क्षेत्र सम्झनुपर्छ।

(च) "निर्वाचन अधिकृत" भन्नाले प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचन ऐन , २०७४ को दफा ८ बमोजिम नियुक्त हुने निर्वाचन अधिकृत सम्झनुपर्छ र सो शब्दले मुख्य निर्वाचन अधिकृत र सहायक निर्वाचन अधिकृतलाई समेत जनाउँछ ।

(छ) "मतदान अधिकृत" भन्नाले प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचन ऐन , २०७४ को दफा ११ बमोजिम नियुक्त मतदान अधिकृत सम्झनुपर्छ र सो शब्दले सहायक मतदान अधिकृतलाई समेत जनाउँछ ।

(ज) "सहायक कर्मचारी" भन्नाले निर्वाचन अधिकृत, सहायक निर्वाचन अधिकृत मतदान अधिकृत र सहायक मतदान अधिकृत बाहेकका अन्य कर्मचारी सम्झनु पर्छ ।

(झ) "सहयोगी कर्मचारी" भन्नाले मतदान केन्द्रमा खटाइने श्रेणी विहीन कर्मचारी सम्झनु पर्छ ।

(ट) "निर्वाचन सम्पन्न भएको मिति" भन्नाले समानुपातिक निर्वाचन प्रणालीतर्फको मतगणना कार्य सम्पन्न भएको अन्तिम मिति सम्झनु पर्छ ।

## परिच्छेद – २
## कार्यालय स्थापना र खाता सञ्चालन सम्बन्धी व्यवस्था

३. **कार्यालय स्थापना गर्नुपर्नेः** (१) मुख्य निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृत ले आफु खटिएको जिल्लाको जिल्ला सदरमुकाममा निर्वाचन अधिकृतको कार्यालय स्थापना गर्नुपर्नेछ।
(२) मुख्य निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृत ले उपदफा (१) बमोजिम कार्यालय स्थापना गर्दा सम्बन्धित गाउँपालिका वा नगरपालिकाको कार्यालय वा जिल्ला समन्वय समितिको कार्यालय वा सम्बन्धित जिल्लाको निर्वाचन कार्यालय वा अन्य कुनै सरकारी वा सरकारी स्वामित्वका कार्यालय वा भवनमा स्थापना गर्नुपर्नेछ ।
तर त्यस्ता कार्यालय वा भवनमा पर्याप्त स्थान अभावको कारण घर भाडामा लिनुपर्ने अवस्थामा दफा १३ को उपदफा ( १) बमोजिमको बजेटको सीमाभित्र रही उपयुक्त स्थानमा घर भाडामा लिन सकिने छ ।
कुनै जिल्लामा एकभन्दा बढी निर्वाचन क्षेत्र भएमा सवै निर्वाचन अधिकृतको कार्यालय यथाशक्य एउटै भवन वा स्थानमा राख्नु पर्नेछ ।

४. **निर्वाचन अधिकृतको कार्यालयमा रहने कर्मचारीः** मुख्य निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृतको कार्यालयमा प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचन जनशक्ति (व्यवस्थापन) निर्देशिका, २०७४ को दफा ५ मा ब्यवस्था भए अनुसारका कर्मचारी रहनेछन्।

५. **सुरक्षाकर्मी सम्बन्धी व्यवस्थाः** मुख्य निर्वाचन अधिकृतको कार्यालय , निर्वाचन अधिकृतको कार्यालय तथा निर्वाचन अधिकारीको कार्यालयमा प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचन जनशक्ति (व्यवस्थापन) निर्देशिका , २०७४ को दफा १० मा ब्यवस्था भए अनुसारका सुरक्षाकर्मी रहनेछन्।

६. **संयुक्त दस्तखतबाट आर्थिक कारोबार सञ्चालन हुनेः** (१) निर्वाचन अधिकृतको कार्यालयको विनियोजन, राजश्व र धरौटीको आर्थिक कारोबार निर्वाचन अधिकृत वा निजले अख्तियारी दिएको अधिकृत र लेखा अधिकृत वा लेखापाल वा सह लेखापालको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।
(२) उपदफा (१) बमोजिम आर्थिक कारोबार सञ्चालन गर्दा प्रचलित कानून बमोजिमको रीत पुर्याई गर्नु पर्नेछ ।

७. **रकम निकासा दिनु पर्ने:** मुख्य निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृतको कार्यालयलाई प्राप्त अख्तियारी अनुसारको रकम सम्वन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयले सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयको नाममा निकासा दिनु पर्ने छ ।

## परिच्छेद – ३

## निर्वाचन अधिकृतको कार्यालयको लागि खर्च सम्बन्धी व्यवस्था

८. **निर्वाचन भत्ताः** (१) प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचन जनशक्ति (व्यवस्थापन) निर्देशिका, २०७४ को दफा ५ को उपदफा (१) र (३) मा उल्लिखित कर्मचारीहरु मध्ये मुख्य निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृत ले नियुक्ती पाएको मितिदेखि र अन्य कर्मचारीहरुले निर्वाचन अधिकृतको कार्यालयमा हाजिर भएको दिन देखी निर्वाचन सम्पन्न भएको दिन सम्म निर्वाचन भत्ता वापत आफुले खाइपाई आएको मासिक तलवको एकसय एक्काईस प्रतिशतले हुन आउने रकम निर्वाचन भत्ताको रुपमा भुक्तानी पाउनेछन्। यस्तो रकममा पन्ध्र प्रतिशत कर कट्टी गर्नु पर्नेछ ।

(२) मुख्य निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृतको कार्यालयमा खटिने उपदफा (१) अनुसारका कर्मचारीहरुले कार्यालयमा हाजिर भएको दिनको अधिकृत स्तरका कर्मचारीहरुलाई सात सय रुपैयाँ, सहायक स्तरका कर्मचारीहरुलाई पाँच सय पचास रुपैयाँ र हलुका सवारी चालक, कार्यालय सहयोगी र सुरक्षागार्ड (पि.यस.ओ.) लाई पाँच सय रुपैयाँकाका दरले दैनिक खाना खाजाको लागि रकम उपलव्ध हुनेछ । यस्तो रकममा पन्ध्र प्रतिशत कर कट्टी गर्नु पर्नेछ तर अनुगमन भ्रमण वा अन्य कुनै कारणले कार्यालयमा हाजिर नभएको दिनको खाजा खाना खर्च रकम उपलब्ध हुने छैन।

(३) निर्वाचन भत्तामा दुर्गम स्थान भत्ता तथा अन्य कुनै भत्ता जोडी खर्च लेख्न पाइनेछैन ।

(४) मुख्य निर्वाचन अधिकृतले जिल्ला भित्रका निर्वाचन अधिकृतहरूबीच सम्पर्क तथा समन्वय कायम गर्न सम्बन्धित जिल्लामा रहेका प्रतिनिधिसभा सदस्य निर्वाचन क्षेत्रको संख्याका आधारमा थप प्रति निर्वाचन क्षेत्रका लागि मासिक एक हजार रूपैयाँका दरले रकम भुक्तानी पाउनेछन् । यस्तो रकममा पन्ध्र प्रतिशत कर कट्टी गर्नु पर्नेछ ।

(५) प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचन जनशक्ति (व्यवस्थापन) निर्देशिका, २०७४ को दफा ५ को उपदफा (५), (६) र (७) अनुसारका कर्मचारीहरुले प्रत्येक दिनका लागि सहायक स्तर कर्मचारीले दुई हजार र कार्यालय सहयोगी स्तर कर्मचारीले एक हजार पाँच सयका दरले निर्वाचन भत्ता पाउने छन्। यस्तो भत्तामा पन्ध्र प्रतिशत कर कट्टि गर्नु पर्ने छ।यस्ता कर्मचारीहरुले उपदफा (१) र (२) अनुसारको रकम पाउने छैनन्।

(६) प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचन जनशक्ति (व्यवस्थापन) निर्देशिका, २०७४ को दफा १० अनुसारका सुरक्षाकर्मीहरुले प्रति ब्यक्ती प्रति दिनका लागि पाँच सयका दरले

खाजा/खाना भत्ता पाउने छन्। यस्तो भत्तामा पन्ध्र प्रतिशत कर कट्टि गर्नु पर्ने छ। त्यस्ता सुरक्षाकर्मीहरुले सिफ्ट अनुसार काम गरेमा सो रकम दामासाहीका दरले पाउने छन्।

९. **स्थानीय भत्ताः** नियमानुसार स्थानीय भत्ता पाउने भनी उल्लेख भएका जिल्लाहरूमा अन्यत्र जिल्लाबाट खटिई आएका निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृतको कार्यालयका कर्मचारीले नियमानुसारको स्थानीय भत्ता पाउने छन्।

१०. **पानी तथा बिजुलीः** निर्वाचन अधिकृतको कार्यालयको पानी, धारा तथा बिजुली वापत भुक्तानीको लागि सो कार्यालय रहेसम्म प्रतिमहिना बिल बमोजिम बढीमा दश हजार सम्म खर्च गर्न सकिनेछ।

११. **सञ्चार महशुलः** (१) मुख्य निर्वाचन अधिकृत को कार्यालयको लागि एक लाईन टेलिफोन र एक लाईन फ्याक्स गरी बढिमा दुई लाइन र निर्वाचन अधिकृतको कार्यालयका लागि एक लाईन टेलिफोन जडान गर्न वा भाडामा लिन सकिने छ । यसरी जडान गर्दा वा भाडामा लिदा लाग्ने खर्चको भुक्तानी निर्वाचन कार्यालय बाट हुने छ । निर्वाचन कार्य सम्पन्न भए पछी यस्तो टेलिफोन लाईन बन्द गर्ने दायित्व निर्वाचन कार्यालयको हुने छ।

(२) मुख्य निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृतको कार्यालयमा ईन्टरनेट जडान गर्न वा भाडामा लिन सकिने छ। यसरी जडान गर्दा वा भाडामा लिदा लाग्ने खर्चको भुक्तानी निर्वाचन कार्यालय बाट हुने छ।

(३) सञ्चार महशुल बापत मुख्य निर्वाचन अधिकृत को कार्यालयले विल बमोजिम प्रतिमहिना बढीमा सातहजार रूपैयाँसम्म र निर्वाचन अधिकृत को कार्यालयले विल बमोजिम प्रतिमहिना बढीमा पाँचहजार रूपैयाँ सम्म खर्च गर्न सक्नेछ ।

(४) निर्वाचन सम्बन्धी कामको लागि विभिन्न स्थानमा रहेका बखत समेत आयोग तथा कार्यालयमा सम्पर्क गर्नको लागि मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतलाई मोवाइल तथा फुटकर टेलिफोन सुविधा वापत निर्वाचन अवधिभरका लागि एकमुष्ट सात हजार रुपैया उपलब्ध गराईने छ।

१२. **कार्यालय सम्बन्धी खर्चः** मुख्य निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृतको कार्यालयले कार्यालय सम्बन्धी कामका लागि एकमुष्ट क्रमश एक लाख साठी हजार र एक लाख पचास हजार रकम खर्च गर्न सक्नेछः।

१३. **घरभाडा खर्चः** (१) मुख्य निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृतको कार्यालय प्रयोजनको लागि दफा ३ को उपदफा (२) बमोजिम घर भाडामा लिनुपर्ने अवस्था परेमा मासिक रुपमा तीस हजार भन्दा बढी नहुने गरी घर भाडामा लिन सक्ने छ।

(२) उपदफा (१) बमोजिम घर भाडा निर्धारण गर्नुपर्दा रेण्ट कमिटीको निर्णय आवश्यक पर्ने छैन ।

(३) निर्वाचन अधिकृतको कार्यालयले यस दफा बमोजिम भाडामा लिएको घर भाडा भुक्तानी गर्दा नियमानुसारको घरवहाल कर कट्टी गर्नुपर्नेछ ।

१४. **मर्मत तथा सम्भारः** (१) गाडी चल्ने जिल्लाका निर्वाचन अधिकृतले सरकारी सवारी साधन प्रयोग गरेमा निर्वाचन अवधीभरका लागि गाडी मर्मत वापत बढीमा पैतीस हजार रूपैयाँ सम्म खर्च गर्न सकिने छ।

(२) निर्वाचन अवधीभरको लागि कार्यालयमा रहेका कम्प्युटर , प्रिन्टर तथा अन्य मर्मतका लागि **एकमुष्ठ पन्ध्र हजार रुपैयाँ सम्म** खर्च गर्न सकिने छ।

१५. **इन्धन तथा अन्य ईन्धनः** मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतले निर्वाचन अवधी भर इन्धन तथा अन्य ईन्धन खर्च बापत बढीमा क्रमश चालिस हजार र पैतीस हजार सम्म खर्च गर्न सकिने छ।

१६. **बैठक खर्चः** (१) निर्वाचन कार्यालयले प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचन जनशक्ति ब्यवस्थापन निर्देशिका, २०७४ को दफा १७ अनुसारको समितिको बैठक बसेको अवस्थामा तोकिएअनुसारको बैठक खर्च लेख्न सक्ने छ ।

(२) निर्वाचन ब्यवस्थापन कार्यको समन्वय गर्न मुख्य निर्वाचन अधिकृतको संयोजकत्वमा प्रमुख जिल्ला अधिकारी , निर्वाचन अधिकृतहरु, स्थानिय विकास अधिकारी , जिल्ला शिक्षा अधिकारी, जिल्ला स्थित सुरक्षा निकायका प्रमुखहरु , कोष तथा लेखा नियन्त्रक कार्यालय प्रमुख र निर्वाचन अधिकारी सदस्य रहेको निर्वाचन ब्यवस्थापन समन्वय समिति रहने छ। उक्त समितिमा राजनीतिक दलका प्रतिनिधिहरु , संचारकर्मी सहित आवश्यकता अनुसारका आमन्त्रित सदस्यहरु रहने छन्।

(३) निर्वाचन अवधी भर उपदफा (२) अनुसारको समितिको बैठक बढिमा तीन पटक सम्म बस्न सक्ने छ।

(४) उपदफा (२) अनुसारको समितिका पदाधिकारीहरु तथा बढिमा तीन जना सम्म आमन्त्रित सदस्यहरुलाई नियमानुसारको बैठक भत्ता उपलब्ध गराउन सकिने छ।

(५) उपदफा (२) अनुसारको समितिको बैठकमा प्रत्येक बैठकका लागि बढिमा चार हजार सम्म विविध खर्च गर्न सकिने छ।

१७. **विविध खर्चः** निर्वाचन अवधीभर अतिथि सत्कार तथा भैपरी आउने कामको लागि विविध खर्चमा मुख्य निर्वाचन अधिकृतको कार्यालय र निर्वाचन अधिकृतको कार्यालयका लागि एकमुष्ट क्रमशः **तीस हजार रूपैयाँ र पच्चिस हजार रूपैयाँ** सम्म खर्च गर्न सकिनेछ ।

१८. **मतगणना जनशक्ति र खर्चः** (१) मतगणना कार्यका लागि प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचन जनशक्ति ब्यवस्थापन निर्देशिका, २०७४ को दफा ६ अनुसारको जनशक्ति रहेको टोली हुने छ।

(२) उपदफा (१) बमोजिम मतगणना कार्यमा खटिएको कर्मचारीलाई प्रत्येक सिफ्टका लागि देहाय बमोजिम को रकम भुक्तानी दिइनेछ । तोकिएको समूहहरु बनाई मतगणना गराईएको अवस्थामा मात्र सिफ्टको आधारमा रकम भुक्तानी गर्न मिल्ने छ।

(क) प्रमुख मतगणना अधिकारीलाई दुई हजार पाँच सय रुपैया,

(ख) सहायक मतगणना अधिकारीलाई दुई हजार रुपैयाँ,

(ग) अन्य कर्मचारीहरुलाई प्रतिव्यक्ती एक हजार छ सय रुपैयाँ,

(ङ) कार्यालय सहयोगीलाई एक हजार दुई सय रुपैयाँ।

(३) मतगणना कार्यमा एकै समयमा एक भन्दा धेरै टो ली परिचालन गरिएको मा निर्वाचन अधिकृत (प्रमुख मतगणना अधिकारी) लाई प्रत्येक थप टोलीकोलागि पाँच सय रुपैयाँ मात्र थप भत्ता पाउने छ ।

(४) निर्वाचन अधिकृतको कार्यालयले मतगणना अवधि भर मतगणना कार्यमा सहयोग गर्ने निर्वाचन अधिकृतको कार्यालयका कर्मचारीहरुलाई मतगणना कार्यमा सहयोग गरे वापत प्रति दिन अधिकृत स्तर एक जनालाई एक हजार रुपैयाँ , सहायक स्तर दुई जनालाई आठ सय रुपैयाँ र सुरक्षागार्ड (पि.एस.ओ.) एक जना र कार्यालय सहयोगी एक जनालाई छ सय रुपैयाँका दरले मतगणना ब्यवस्थापन खर्च गर्न सक्ने छ। यसरी खटिने कर्मचारी मतगणना कार्यमा संलग्न भएको अवस्थामा त्यस दिनका लागि मतगणना व्यवस्थापन खर्च भुक्तानी हुने छैन।

(५) मतगणना कार्यको प्रगति विवरण प्राप्त गर्न एवं मतगणना कार्यमा आवश्यक सहयोग तथा समन्वय गर्न मतगणना अवधीभर दैनिक रुपमा निर्वाचन अधिकारी लाई एक हजार रुपैयाँ, निर्वाचन अधिकारीको कार्यालयका सहायक स्तर कर्मचारी दुई जना लाई आठ सय रुपैयाँ र हलुका सवारी चालक र कार्यालय सहयोगी (एक जना) लाई छ सय रुपैयाका दरले निर्वाचन कार्यालयबाट भत्ता उपलब्ध गराइनेछ । यसरी खटिने कर्मचारी मतगणना कार्यमा संलग्न भएको अवस्थामा त्यस दिनका लागि मतगणना व्यवस्थापन खर्च भुक्तानी हुने छैन।

(६) उपदफा (२), (३), (४) र (५) बमोजिमको रकममा पन्ध्र प्रतिशत कर कट्टी गर्नु पर्ने छ।

१९. **मतगणना ब्यवस्थापन खर्च:** निर्वाचन अधिकृतको कार्यालयले मतगणनास्थलमा आवश्यक पर्ने गुन्द्री, कार्पेट, चक्ला, बत्ती, पानी, जेनेरेटर, माईक आदिको व्यवस्थापन गर्न देहाय अनुसारको रकम खर्च गर्न सक्ने छ।

(क) वीस हजार सम्म मतदाता रहेको निर्वाचन क्षेत्रकालागि वीस हजार रुपैयाँ,

(ख) पचास हजार सम्म मतदाता रहेको निर्वाचन क्षेत्रकालागि तीस हजार रुपैयाँ,

(ग) असी हजार सम्म मतदाता रहेको निर्वाचन क्षेत्रकालागि चालिस हजार रुपैयाँ,

(घ) असी हजार भन्दा बढी मतदाता रहेको निर्वाचन क्षेत्रकालागि पचास हजार रुपैयाँ।

२०. **<u>मतगणना सम्वन्धी चियापान खर्चः</u>** निर्वाचन अधिकृतको कार्यालयले मतगणना कार्यमा खटिने कर्मचारीको खाजा र चियापान खर्चका लागि प्रत्येक सिफ्टका लागि विल बमोजिम बढिमा पाँच हजार रूपैयाँ सम्म विविध खर्च गर्न सक्ने छ । सो भन्दा बढी रकम माग गर्ने अधिकारीको अभिलेख राखिने छ।

२१. **<u>भ्रमण खर्चः</u>** (१) मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतले आफु नियुक्ति भएपछि आफ्नो पदाधिकार रहेको कार्यालय बाट खटिएको निर्वाचन अधिकृतको कार्यालयमा हाजिर हुन जाँदा र कार्यसम्पन्न गरी आफ्नो पदाधिकार रहेको कार्यालयमा फर्किदाको अवधिको लागि भ्रमण खर्च नियमावली, २०६४ अनुसार सो नियमावली को अनुसूची–२ मा उल्लिखित तहले पाए सरहको दैनिक तथा भ्रमण भत्ता सोही नियमावलीको नियम ७ को उपनियम (७) अनुसार भुक्तानी पाउनेछ ।

(२) निर्वाचन अधिकृतले उपदफा (१) बमोजिमको दैनिक भत्ता पाउँदा भ्रमण खर्च नियमावली, २०६४ को नियम ७ को उपनियम (२) बमोजिम थप रकम पाउने रहेछ भने दैनिक भत्तामा सो रकम समेत थप गरी पाउनेछ ।

(३) उपनियम (१) अनुसार दैनिक तथा भ्रमण भत्ता पाउने पदाधिकारीहरुले दफा ८ को उपदफा (२) अनुसारको खाजा खाना खर्च पाउने छैन।

(४) निर्वाचन सम्वन्धी कामको सिलसिलामा आफ्नो निर्वाचन क्षेत्रभित्र भ्रमण गर्नु परेमा उपदफा (१) बमोजिम दैनिक भत्ता पाउने निर्वाचन अधिकृतले भ्रमण खर्च नियमावली , २०६४ बमोजिम भ्रमण खर्च मात्र पाउने छ।

(५) निर्वाचन अधिकृतको कार्यालयमा रहेका निर्वाचन अधिकृत बाहेक अन्य कर्मचारीहरुले निर्वाचन सम्वन्धी कामको सिलसिलामा आफ्नो निर्वाचन क्षेत्रभित्र खटिने कर्मचारीले भ्रमण खर्च नियमावली, २०६४ बमोजिम भ्रमण भत्ता पाउने छ। यसरी भ्रमण भत्ता पाएको अवधी भर दफा ८ को उपदफा (२) अनुसारको खाजा खाना खर्च दिईने छैन।

तर काजमा आएको कर्मचारीले कार्यालयमा रहदाँको अवस्थामा दैनिक भत्ता पाउने छैन।

## <u>परिच्छेद – ४</u>

## <u>मतदान केन्द्रमा खटिने कर्मचारी र मतदान केन्द्रको खर्च सम्बन्धी व्यवस्था</u>

२२. **<u>मतदान केन्द्रमा खटिने कर्मचारीः</u>** प्रत्येक मतदान केन्द्रमा प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचन (जनशक्ति) निर्देशिका, २०७४ को दफा ७ मा उल्लेख भए अनुसारका कर्मचारी तथा स्वयंसेवक रहने छन्।

२३. **मतदान केन्द्रमा खटिने कर्मचारीको सुविधाः** (१) दफा २२ अनुसार खटिने कर्मचारीहरुलाई देहाय अनुसारको दैनिक तथा भ्रमण खर्च सम्वन्धित निर्वाचन अधिकृतको कार्यालय बाट उपलब्ध गराईने छ।

(क) मतदान अधिकृतलाई प्रति दिन दुई हजार पाँच सय रुपैयाँ

(ख) सहायक मतदान अधिकृतलाई प्रतिदिन दुई हजार रुपैयाँ

(ग) सहायक कर्मचारीहरुलाई प्रती ब्यक्ति प्रतिदिन एक हजार छ सय रुपैयाँ

(घ) कार्यालय सहयोगीहरुलाई प्रति ब्यक्ति प्रतिदिन एक हजार दुई सय रुपैयाँ

तर सहायक मतदान अधिकृत राजपत्रांकितस्तरको कर्मचारी भएमा मतदान अधिकृत सरह नै दैनिक तथा भ्रमण भत्ता दिइनेछ ।

(२) मतदान अधिकृत, सहायक मतदान अधिकृत, सहायक कर्मचारी र कार्यालय सहयोगीलाई निर्वाचन अधिकृतको कार्यालयबाट मतदान केन्द्रसम्म , मतदान केन्द्रबाट सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयसम्म र निर्वाचन अधिकृतको कार्यालयबाट आफ्नो कार्यालयसम्म जान आउन लाग्ने दिन (पैदल भ्रमण गर्नुपर्ने स्थानको लागि प्रतिदिन पन्ध्र किलोमिटरका दरले) र मतदान केन्द्रमा बस्ने तीन दिनको समेत दैनिक तथा भ्रमण भत्ता दिइनेछ। किलोमिटरको आधारमा दिन गणना गर्दा सवारी साधन नचल्नेस्थानबाट मतदान केन्द्रसम्मको दूरीको मात्र दिन गणना गरी उपदफा (१) अनुसारको दैनिक तथा भ्रमण भत्ता दिनुपर्नेछ ।

(३) मतदान अधिकृत, सहायक मतदान अधिकृत, सहायक कर्मचारी र कार्यालय सहयोगीलाई आफु कार्यरत रहेको कार्यालय रहेको स्थान बाट निर्वाचन अधिकृतको कार्यालयमा नियुक्ति लिन उपस्थित हुँदा भ्रमण खर्च नियमावली अनुसार लाग्ने बाटोको म्याद र तयारी म्याद एक दिन गरी लाग्ने दिनको उपदफा (१) अनुसारको थप दैनिक भत्ता दिइनेछ ।

(४) नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेका सङ्गठित संस्थाका कर्मचारी मतदान अधिकृत, सहायक मतदान अधिकृत , सहायक कर्मचारी वा कार्यालय सहयोगीको रूपमा मतदान केन्द्रमा खटिएको अवस्थामा त्यस्तो कर्मचारीको तह मिलान गरी निजले अन्य कर्मचारीले पाए सरह दैनिक तथा भ्रमण भत्ता उपलव्ध गराइनेछ ।

(५) भ्रमण खर्च नियमावली , २०६४ को नियम ७ को उपनियम (२) अनुसार दैनिक तथा भ्रमण भत्तामा थप रकम पाउने स्थानमा खटिने कर्मचारीहरूलाई सो नियमावली अनुसारको थप रकम समेत उपलव्ध गराइनेछ ।

२४. **मतदान अधिकृतको थप सुविधाः** मतदान अधिकृतलाई चियापान र मोवाईल फोन रिचार्जका लागि एकमुष्ट पाँच हजार रुपैयाँ विविध खर्च वापत उपलब्ध गराईने छ।

२५. **स्वयंसेवक खर्चः** मतदान केन्द्रमा स्वयंसेवकको रूपमा नियुक्त हुने कार्यालय सहयोगी र अन्य स्वयंसेवकलाई खानाखाजा बापत तीन दिनको लागि प्रतिव्यक्ति प्रतिदिन एक हजार रूपैयाँका

दरले हुन आउने रकम मतदान अधिकृतलाई एकमुष्ट दिइनेछ । खानाखाजा खर्चबापत दिइने रकममा कर कट्टी गर्नुपर्ने छैन ।

२६. **<u>मतदान केन्द्र निर्माण खर्च</u>ः** मतदान केन्द्र निर्माण गर्नका लागि भवन भएका मतदान केन्द्रका मतदान अधिकृतलाई एकमुष्ट पाँच हजार रूपैयाँ र भवन नभएका मतदान केन्द्रका मतदान अधिकृतलाई एकमुष्ट दश हजार रूपैयाँ उपलब्ध गराईने छ ।

२७. **<u>बत्ती तथा अन्य विविध खर्च</u>ः** मतदान केन्द्रमा बत्ती तथा अन्य विविध व्यवस्था गर्नको लागि मतदान अधिकृतलाई एकमुष्ट एक हजार पाँच सय रूपैयाँ दिइनेछ ।

२८. **<u>ढुवानी खर्च</u>ः** (१) निर्वाचन अधिकृतको कार्यालय रहेको ठाउँबाट मतदान केन्द्रसम्म र मतदान केन्द्रबाट मतगणनाका लागि सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयसम्म मतपेटिका तथा अन्य निर्वाचन सामग्री ढुवानी गर्न पैदल हिंड्नु परेमा पन्ध्र किलोमिटर दूरीको लागि एक दिन कायम गरी प्रतिदिन प्रति मतपेटिका छ सय रूपैयाँका दरले हुने एकमुष्ट रकम निर्वाचन अधिकृतको कार्यालयले मतदान अधिकृतलाई ढुवानी खर्च दिनेछ ।

(२) मतदान अधिकृतले सार्वजनिक सवारी साधन प्रयोग गरी मतपेटिका तथा अन्य निर्वाचन सामग्री ढुवानी गरेको अवस्थामा निजलाई उपदफा (१) बमोजिमको हुने रकमको पचास प्रतिशतले हुन आउने रकममा नबढ्ने गरी ढुवानी बापत रकम दिइनेछ । त्यसरी खर्च लेख्दा दोहोरो हुनेगरी खर्च लेख्न पाइने छैन ।

(३) मतगणना कार्य सम्पन्न भएपछि निर्वाचन अधिकृतको कार्यालयबाट निर्वाचन कार्यालयसम्म मतपेटिका लगायतका अन्य निर्वाचन सामग्री ढुवानीको व्यवस्था सम्बन्धित निर्वाचन कार्यालयले मिलाउनु पर्नेछ।

२९. **<u>घुम्ती टोली</u>ः** (१) निर्वाचन अधिकृतले मतदानकार्यको अनुगमन गर्न प्रत्येक प्रदेशसभा सदस्य निर्वाचन क्षेत्रमा बढिमा दुई वटासम्म घुम्ती टोली खटाउन सक्नेछ । त्यस्तो टोलीमा सवारी साधन चल्ने निर्वाचन क्षेत्रको हकमा प्रत्येक टोलीमा सुरक्षाकर्मी बाहेक राजपत्रांकित अधिकृत एक र ड्राइभर एक समेत दुई जना र मोटर नचल्ने निर्वाचन क्षेत्रको प्रत्येक टोलीमा अधिकृत एक र कार्यालय सहयोगी एक समेत दुई जना रहनेछन्।

(२) घुम्ती टोलीमा खटिने सुरक्षाकर्मी बाहेकका कर्मचारी हरुलाई निर्वाचन अधिकृतको कार्यालयबाट देहाय वमोजिमको सुविधा उपलब्ध गराईने छः

(क) घुम्ती टोली प्रमुखले एकमुष्ट दुई हजार पाँच सय रुपैयाँ

(ख) हलुका सवारी चालकले एकमुष्ट एक हजार दुई सय रुपैयाँ

(ग) कार्यालय सहयोगीले एकमुष्ट एक हजार दुई सय रुपैयाँ

(घ) प्रत्येक टोलीलाई खाजा खर्च वापत पाँच हजार रुपैया टोली प्रमुखलाई एकमुष्ट उपलब्ध गराईने छ।

(ङ) मोटर चल्ने क्षेत्रमा सवारी साधनमा इन्धनको लागि वढिमा तीन हजार रुपैया टोली प्रमुखलाई एकमुष्ट दिइनेछ ।मोटर नचल्ने क्षेत्रमा इन्धन वापतको खर्च उपलब्ध गराईने छैन ।

३०. **<u>मतदान स्थल निरीक्षण खर्चः</u>** निर्वाचन अवधी भर निर्वाचन अधिकृतले आफ्नो क्षेत्रको मतदान स्थलहरुको अनुगमन निरीक्षण गर्दा बढीमा वीस हजार रुपैयाँ सम्म खर्च गर्न सक्ने छ।यस्तो खर्च गर्दा निरिक्षण प्रतिवेदन संलग्न गर्नु पर्ने छ।

३१. **<u>खर्च लेखी भुक्तानी दिनुपर्नेः</u>** (१) निर्वाचन अधिकृतको कार्यालयले मतदान केन्द्रमा खटिने मतदान अधिकृत, सहायक मतदान अधिकृत, सहायक कर्मचारी र कार्यालय सहयोगीलाई दफा २३ बमोजिमको दैनिक तथा भ्रमण भत्ता हिसाब गरी निज खटिएको अवस्थामा नै अनुसूची–१ बमोजिमको भर्पाई गराई खर्च लेखी भुक्तानी दिनु पर्नेछ।

(२) निर्वाचन अधिकृतको कार्यालयले मतदान केन्द्रमा खटिने मतदान अधिकृतलाई दफा २४, २५, २६, २७ र २८ अनुसारको रकम अनुसूची–२ बमोजिमको भर्पाई गराई खर्च लेखी भुक्तानी दिनु पर्नेछ ।

(३) निर्वाचन अधिकृतको कार्यालयले घुम्ती टोलीमा खटिने कर्मचारीहरूको लागि दफा २९ अनुसारको रकम सहित अन्य रकम अनुसूची –३ बमोजिमको भर्पाई गराई खर्च लेखी भुक्तानी दिनु पर्नेछ ।

३२. **<u>विल भर्पाई पेश गर्नु नपर्नेः</u>** मतदान अधिकृतले दफा २३, २४, २५, २६, २७, २८ र २९ को खर्चको छुट्टै बील पेश गर्नुपर्ने छैन ।

३३. **<u>स्रेस्ता तथा फाँटवारी तयार गर्नुपर्नेः</u>** निर्वाचन अधिकृतले यस निर्देशिका बमोजिम खर्च गर्दा प्रचलित कानून बमोजिम बजेट सीट, खर्चको फाँटवारी, माग फाराम, खरिद आदेश, दाखिला रिपोर्ट, बैंक नगदी किताब र पेश्की लेजर आदिको रीतपूर्वकको स्रेस्ता राखु पर्नेछ र निर्वाचन परिणाम घोषणा भएको पाँच दिनभित्र अख्यारीसाथ दिईएको बर्गिकरणको अनुसूची (४) अनुसारको खर्चको फाँटवारी तयार गरी आन्तरिक लेखा परिक्षणको लागि सम्वन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा पेश गर्नुपर्नेछ ।

३४. **<u>थप खर्चका लागि पूर्व स्वीकृति लिनुपर्नेः</u>**(१) निर्वाचन अधिकृतले यस निर्देशिकामा उल्लेख भएको रकमभन्दा बढी खर्च गर्नुपर्ने अवस्था आइपरेमा सोको पर्याप्त आधार, कारण र पुष्टयाई सहित स्वीकृतिको लागि आयोग समक्ष लेखी पठाउनु पर्नेछ र आयोगले सो सम्वन्धमा दिएको निर्देशन बमोजिम गर्नु पर्नेछ ।

(२) यस निर्देशिका बमोजिम खर्च गर्दा कुनै द्विविधा उत्पन्न भएमा सो सम्बन्धमा निर्वाचन अधिकृतले निर्वाचन आयोगमा स्पष्टताका लागि अनुरोध गर्न सक्ने छ।

३५. **खर्चको बील भर्पाई प्रमाणित गरी राख्नुपर्नेः** निर्वाचन अधिकृत वा निजबाट अधिकार प्राप्त अधिकृतले प्रत्येक खर्चको बील , भर्पाई र फाँटवारीसँग सम्बन्धित सम्पूर्ण स्रेस्ता अनिवार्य रूपमा प्रमाणित गरी राख्नु पर्नेछ ।

३६. **राजश्व खातामा रकम दाखिला गर्नुपर्नेः**(१) निर्वाचन अधिकृतको कार्यालयले नेपाल सरकारलाई प्राप्त हुने सबै प्रकारको राजश्व रकम सम्बन्धित राजश्व खातामा निर्वाचन कार्यालयको कार्यालय कोडमा जम्मा गरी सोको स्रेस्ता तयार गरी म.ले.प.फा.नं. ९ र म.ले.प.फा.नं. १५ सहित दोस्रो प्रति भौचर समेतको आन्तरिक लेखापरीक्षण गरा उनु पर्ने छ।

(२) निर्वाचन अधिकृतको कार्यालयले आयोगबाट बिक्रीको लागि पठाइएका मतदाता नामावली जिन्सी खातामा आम्दानी बाँधी खर्च लेख्नुपर्नेछ र सो नामावली बिक्री बापतको रकम राजश्व खातामा जम्मा गर्नुपर्नेछ ।

३७. **रकम फिर्ता गर्नुपर्नेः** निर्वाचन अधिकृतको कार्यालयले जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट निकासा लिएको रकम बाँकी रहेमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यलयमा फिर्ता गरी हिसाब मिलान गर्नुपर्नेछ ।

३८. **बाँकी धरौटी रकम जम्मा गर्नेः** निर्वाचनको परिणाम घोषणा भएको पाँच दिनभित्र निर्वाचन अधिकृतले धरौटी खातामा मौज्दात रहेको रकम निर्वाचन कार्यालयको धरौटी खातामा जम्मा गरी त्यस्तो खाता बन्द गर्नु पर्नेछ र सो को जानकारी सहितको विवरण आयोग र जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयमा दिनु पर्नेछ ।

३९. **मासिक फाँटवारी पठाउनु पर्नेः** निर्वाचन अधिकृतको कार्यालयले हरेक महिनाको बजेट उपशीर्षकगत, खर्च शीर्षकगत मासिक फाँटवारी छिटो माध्यमद्वारा अर्को महिनाको ३ गतेभित्र आयोगको आर्थिक प्रशासन शाखाले पाउने गरी अनिवार्य रूपमा पठाउनु पर्नेछ ।

४०. **आन्तरिक लेखा परीक्षण गराई स्रेस्ता पठाउनु पर्नेः**(१) निर्वाचन अधिकृतले विनियोजन, राजश्व र धरौटी तर्फको स्रेस्ता निर्वाचन परिणाम घोषणा भएको सात दिनभित्र सम्वन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट आन्तरिक लेखा परीक्षण गराउनु पर्ने छ।

(२) सम्बन्धित जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयले उपदफा (१) बमोजिम स्रेस्ता आन्तरिक लेखा परीक्षण गरी सोको प्रतिवेदन र प्रमाणित आर्थिक विवरण सम्बन्धित निर्वाचन अधिकृतको कार्यालय र आयोगलाई उपलब्ध गराउनु पर्नेछ ।

(३) निर्वाचन अधिकृतले उपदफा (२) बमोजिम कोष तथा लेखा नियन्त्रक कार्यालयबाट आन्तरिक लेखा परीक्षण भई स्रेस्ता प्राप्त भएपछि निर्वाचन परिणाम घोषणा भएको वीस दिनभित्र सो सम्बन्धी सम्पूर्ण स्रेस्ता र प्रमाणित आर्थिक विवरण अन्तिम लेखा परीक्षणको लागि स्वयंले आयोगमा बुझाउनु पर्नेछ ।

(४) निर्वाचन अधिकृतले आफ्नो कार्यालयमा मौज्दात रहेका सम्पूर्ण जिन्सी सामान कार्यालय बन्द भएपछि सम्बन्धित निर्वाचन कार्यालयमा बुझाई भर्पाई लिनुपर्नेछ र सोको प्रतिलिपि स्रेस्तासाथ संलग्न गर्नु पर्नेछ ।

४१. **अन्तिम लेखा परीक्षणः** दफा ४० को उपदफा (३) बमोजिम विनियोजन, राजस्व र धरौटी तर्फका स्रेस्ता प्राप्त भएपछि आयोगले महालेखा परीक्षकको कार्यालयबाट अन्तिम लेखा परीक्षण गराउनेछ।

४२. **निर्वाचन अधिकृतको दायित्वः** आर्थिक कारोबार गर्दा गराउदा निर्वाचन अधिकृतको दायित्व देहाय बमोजिम हुनेछः

(क) प्राप्त अख्तियारीको परिधिभित्र रही यस निर्देशिकामा उल्लेख भए अनुसार मात्र रीतपूर्वक खर्च गर्ने,

(ख) खर्च भएको रकमको समयमै आन्तरिक लेखापरीक्षण गराई आयोगमा स्रेस्ता बुझाउने,

(ग) लेखा परीक्षणबाट औंल्याइएको पेश्की तथा बेरुजु फछ्र्यौट वा असुल गर्नुपर्ने भए फछ्र्यौट वा असुल समेत गरी बेरुजु फ छ्र्यौट गर्ने, सो सम्बन्धमा कुनै स्पष्टीकरणको आवश्यकता देखिएमा सोको जानकारी आयोगमा पठाउने र कुनै पनि किसिमको पेश्की रकम बाँकी र बेरुजु नहुनेतर्फ ध्यान दिनुपर्नेछ ।

४३. **असुल उपर गरिनेः** यस निर्देशिकाको उल्लंघन गरी गरेको खर्च त्यस्तो खर्च गर्ने अख्तियार प्राप्त अधिकारीबाट प्रचलित कानून बमोजिम असुल उपर गरिनेछ । सोको अभिलेख सम्वन्धित अधिकारीको तालुक निकायमा समेत पठाईने छ।

४४. **खर्च सार्वजनिक गर्नुपर्नेः** निर्वाचनसँग सम्बन्धित काममा भएका सम्पूर्ण खर्चको विवरण निर्वाचन आयोगले सार्वजनिक गर्नेछ र सो को अभिलेख सम्वन्धित तालुक निकायमा समेत पठाईने छ।

४५. **आर्थिक ब्यवस्थापन समितिः** (१) यस निर्देशिका बमोजिमको आर्थिक ब्यवस्थापन गर्न देहाय अनुसारको एक आर्थिक ब्यवस्थापन समिति रहने छ।

मानिनय निर्वाचन आयुक्त , आर्थिक ब्यवस्थापन हेर्ने संयोजक

सचिव , निर्वाचन आयोग सदस्य

सह सचिव , प्रशासन महाशाखा, निर्वाचन आयोग सदस्य

सह सचिव निर्वाचन ब्यवस्थापन महाशाखा निर्वाचन आयोग सदस्य

उप सचिव लेखा आर्थिक प्रशासन शाखा निर्वाचन आयोग सदस्य सचिव

यस समितिको बैठकमा आवश्यकता अनुसारका आमन्त्रित सदस्यहरु रहने छन्।

यस समितिको बैठकमा उपस्थित पदाधिकारीहरुले नियमानुसार बैठक भत्ता तथा खाजा खर्च उपलब्ध गराईने छ।

(२) यस निर्देशिका बमोजिम खर्च रकम बाँडफाँड गर्न देहाय अनुसारको एक बाँडफाँड समिति रहने छ।

सह सचिव प्रशासन महाशाखा निर्वाचन आयोग    संयोजक

उप सचिव लेखा आर्थिक प्रशासन शाखा निर्वाचन आयोग सदस्य

उप सचिव निर्वाचन संचालन शाखा निर्वाचन आयोग  सदस्य

उप सचिव प्रशासन शाखा निर्वाचन आयोग    सदस्य

लेखा अधिकृत केन्द्रिय बजेट हेर्ने निर्वाचन आयोग  सदस्य

लेखा अधिकृत विनियोजन हेर्ने निर्वाचन आयोग    सदस्य सचिव

यस समितिको बैठकमा आवश्यकता अनुसारका आमन्त्रित सदस्यहरु रहने छन्।

यस समितिको बैठकमा उपस्थित पदाधिकारीहरुले नियमानुसार बैठक भत्ता तथा खाजा खर्च उपलब्ध गराईने छ।

(३) यस निर्देशिका बमोजिम निकासा भएको रकम निकासा लिने, खर्च गर्ने, खर्चको अभिलेख राख्ने, प्रतिवेदन गर्ने र आर्थिक निर्देशिकामा भएका खर्चको एकरुपता कायम गराउने कार्यमा सहयोग गर्न देहाय अनुसारको एक समिति रहने छ।

कोष तथा लेखा नियन्त्रक कार्यालयको प्रमुख    संयोजक

निर्वाचन कार्यालयको प्रमुख       सदस्य

निर्वाचन अधिकृतको कार्यालयका लेखा प्रमुख  सदस्य

निर्वाचन कार्यालयको लेखा प्रमुख    सदस्य सचिव

यस समितिको बैठकमा आवश्यकता अनुसारका आमन्त्रित सदस्यहरु रहने छन्।

यस समितिको बैठकमा उपस्थित पदाधिकारीहरुले नियमानुसार बैठक भत्ता निर्वाचन कार्यालय मार्फत उपलब्ध हुने छ।

अनुसूची–१

**(दफा ३१ को उपदफा (१) सँग सम्बन्धित)**

**निर्वाचन आयोग**

मुख्य/निर्वाचन अधिकृतको कार्यालय, निर्वाचन क्षेत्र नं.........जिल्ला................................................

**दफा २३ अनुसारको दैनिक तथा भ्रमण भत्ता बुझाएकोभर्पाई**

मितिः–.२०७४।.. ... ........................

नियुक्ति पत्रको च.नं. ... ....................

१. खटिएको मतदान केन्द्रः ... ... ...

२. मतदान केन्द्रको क्रम संख्याः ... ...३. सदरमुकामबाट मतदान केन्द्रको दूरी (कि.मि.मा) ... ... ...

४. कार्यरत कार्यालय बाट निर्वाचन अधिकृतको कार्यालयमा आउदा लाग्ने दिन, मतदान केन्द्र सम्म पुग्न लाग्ने दिन, मतदान केन्द्रबाट सम्बन्धित निर्वाचन अधिकृतको कार्यालय र निर्वाचन अधिकृतको कार्यालयबाट आफु कार्यरत कार्यालयमा फर्किंदा लाग्ने दिन (पैदल भ्रमण गर्दा प्रतिदिन १५ कि.मि.कोदरले) ............. ............दिन

५. नियुक्ती लिन उपस्थितहुदा र तयारी म्यादको दिनः २ दिन र मतदान केन्द्रमा रहने दिनः ३ दिन सहित जम्मा दिनः ... ... ... ...

६. कर्मचारीको नाम, थर

७. पदः मतदान अधिकृत/सहायक मतदान अधिकृत/सहायक कर्मचारी/कार्यालय सहयोगी

८. तह/श्रेणी

९. कार्यरत कार्यालयको नाम र ठेगानाः

१०. मतदान केन्द्रमा खटिने कर्मचारीको खर्चः

| १ | २ | ३ | ४ | ५ | ६ |
|---|---|---|---|---|---|
| सि.नं. | शिर्षक | जम्मा दिन | दर रु | जम्मा रकम रु | कैफियत |
| १ | दैनिक भत्ता | | | | |
| २ | भ्रमण खर्च (यातायात) | | | | |
| ३. जम्मा रकम अंक र अक्षरमा | | | | | |

माथि उल्लेख भए बमोजिम रकम बुझिलिने कर्मचारीको

नामः सही र मिति

रकम दिने कर्मचारीको

नामः सही र मितिः

प्रमाणित गर्ने अधिकृतको

नामः सही र मितिः

**द्रष्टव्यः**

मतदान केन्द्रमा खटिने कुनै कर्मचारी निर्वाचन अधिकृतको कार्यालयमा मतगणना कार्यमा खटिएकोमा त्यसरी मतगणनाको काममा खटिएको दिनको दैनिक भत्ता रकम सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयबाटै भुक्तानी हुने भएकोले यसमा हिसाब गर्नुपर्ने छैन ।

अनुसूची–२

**(दफा ३१ को उपदफा (२) सँग सम्बन्धित)**

**निर्वाचन आयोग**

मुख्य/निर्वाचन अधिकृतको कार्यालय, निर्वाचन क्षेत्र नं.........जिल्ला...............................................

**मतदान केन्द्र सम्वन्धी खर्च बुझाएकोभर्पाई**

नियुक्तिपत्रको च.नं. ... ...

मितिः–... ... ....................

१. खटिएको मतदान केन्द्रः ... ... ...

२. मतदान केन्द्रको क्रम संख्याः ... ...

३. सदरमुकामवाट मतदान केन्द्रको दूरी (कि.मि.मा) ... ... ...

४. सवारी साधन नचल्ने स्थानबाट मतदान केन्द्रसम्म र मतदान केन्द्रबाट सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयसम्म आउँदा लाग्ने दिन (प्रतिदिन १५ कि.मि.को दरले) ... ... ...

५. मतपेटिका ढुवानी गर्न लाग्ने जम्मा दिन (आतेजाते समेत) ... ... ...

६. मतदान अधिकृतको नाम, थरः

७. कार्यालयः

८. मतदान केन्द्रको खर्चः

| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ |
|---|---|---|---|---|---|---|---|
| सि.नं. | आर्थिक निर्देशिकाको दफा | विवरण | दर | दिन | संख्या | जम्मा | कैफियत |
| १ | २४ | मतदान अधिकृतको थप सुविधा | ५,०००।- | १ | १ | ५,०००।- | |
| २ | २५ | स्वयंसेवक खर्च | १,०००।- | ३ | | | |
| ३ | २६ | मतदान केन्द्र निर्माण खर्च | | | १ | | |
| ४ | २७ | बत्ती तथा अन्य विविध खर्च | १,५००।- | | १ | १,५००।- | |
| ५ | २८ | ढुवानी खर्च | | | | | |
| ६ | जम्मा रकम अंक र अक्षरमा | | | | | | |

४. माथि उल्लेख भए बमोजिम रकम बुझिलिने कर्मचारीको

नामः सही र मितिः

५. रकम दिने कर्मचारीको नामः

नामः सही र मितिः

६. प्रमाणित गर्ने अधिकृतको नामः

नामः सही र मितिः

द्रष्टव्यः

मतदान कार्य सम्पन्न भई निर्वाचन अधिकृतको कार्यालयमा बुझाएका मतपेटिका जिल्ला निर्वाचन कार्यालयसम्म ढुवानी गरी ल्याउने कार्य सम्बन्धित निर्वाचन कार्यालय कार्यालयबाट हुने भएकोले मतदान अधिकृतलाई मतपेटिका र निर्वाचन सामग्रीको ढुवानी बापतको रकम भुक्तानी दिदा निर्वाचन अधिकृतको कार्यालयबाट मतदान केन्द्रसम्म र मतदान केन्द्रबाट सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयसम्म पुर्याउँदा लाग्ने रकम मात्र भुक्तानी दिनुपर्छ ।

अनुसूची–३

**(दफा ३१ को उपदफा (३) सँग सम्बन्धित)**

**निर्वाचन आयोग**

मुख्य/निर्वाचन अधिकृतको कार्यालय, निर्वाचन क्षेत्र नं.........जिल्ला..............................................

**<u>दफा २९ अनुसारको घुम्ति टोलीलाई रकम बुझाएकोभर्पाई</u>**

मितिः–... ... ....................

नियुक्तिपत्रको च.नं. ... ...

१. घुम्ती टोलीको लागि खटिएको मतदान केन्द्रः ... ... ...

२. सदरमुकामवाट मतदान केन्द्रको जम्मा दूरी (कि.मि.मा) ... ... ...

३. सवारी साधन नचल्ने स्थानबाट मतदान केन्द्र सम्म र निर्वाचन अधिकृतको कार्यालयसम्म जाँदा आउँदा लाग्ने दिन (प्रतिदिन १५ कि.मि.का दरले) ... ... ...

४. घुम्ती टोलीमा खटिने कर्मचारीको नाम, थरः

५. पदः टोली प्रमुख

६. कार्यरत कार्यालयः

| १ | २ | ३ | ४ | ५ | ६ |
|---|---|---|---|---|---|
| सि.नं. | विवरण | दर | दिन | जम्मा | कैफियत |
| १ | घुम्ती टोली प्रमुखको सुविधा | २,५००।- | १ | २,५००।- | |
| २ | हलुका सवारी चालक / कार्यालय सहयोगीको सुविधा | १,२००।- | १ | १,२००।- | |
| ३ | खाजा खर्च | ५,०००।- | १ | ५,०००।- | |
| ४ | ईन्धन खर्च | | | | |
| ५ | जम्मा रकम अंक र अक्षरमा | | | | |

७. माथि उल्लेख भए बमोजिम रकम बुझिलिने कर्मचारीको

नामः सही र मितिः

८. रकम दिने कर्मचारीको नामः

नामः सही र मितिः

९. प्रमाणित गर्ने अधिकृतको नामः

नामः सही र मितिः

अनुसूची–४

**(दफा ३३ सँग सम्बन्धित)**

**निर्वाचन आयोग**

मुख्य/निर्वाचन अधिकृतको कार्यालय, निर्वाचन क्षेत्र नं.........जिल्ला.................................................

# बर्गिकरण अनुसारको खर्चको फाँटवारी

| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ |
|---|---|---|---|---|---|---|---|
| सि.नं. | आर्थिक निर्देशिकाको दफा | खर्च वर्गिकरणको क्रियाकलाप | यस महिनाको खर्च | विनियोजित रकम | यस महिना सम्मको खर्च | बाँकी रकम | कैफियत |
| १ | ८ | निर्वाचन भत्ता | | | | | |
| २ | ९ | स्थानिय भत्ता | | | | | |
| ३ | १० | पानि तथा विजुली | | | | | |
| ४ | ११ | संचार खर्च | | | | | |
| ५ | १२ | कार्यालय सम्वन्धी खर्च | | | | | |
| ६ | १३ | घर भाडा | | | | | |
| ७ | १४ | मर्मत तथा संभार | | | | | |
| ८ | १५ | ईन्धन तथा अन्य ईन्धन | | | | | |
| ९ | १६ | बैठक खर्च | | | | | |
| १० | १७ | विविध खर्च | | | | | |
| ११ | १८ | मतगणना जनशक्तिको खर्च | | | | | |
| १२ | १९ | मतगणना ब्यवस्थापन खर्च | | | | | |
| १३ | २० | मतगणाना सम्वन्धी चियापान खर्च | | | | | |
| १४ | २१ | भ्रमण खर्च | | | | | |
| १५ | २३ | मतदान केन्द्रमा खटिने कर्मचारीको सुविधा | | | | | |
| १६ | २४ | मतदान अधिकृतको थप सुविधा | | | | | |
| १७ | २५ | स्वयंसेवकको खर्च | | | | | |
| १८ | २६ | मतदानकेन्द्र निर्माण खर्च | | | | | |
| १९ | २७ | बत्ति तथा अन्य विविध खर्च | | | | | |
| २० | २८ | ढुवानी खर्च | | | | | |
| २१ | २९ | घुम्तिटोलीको खर्च | | | | | |
| २२ | ३० | मतदानकेन्द्र निरिक्षण खर्च | | | | | |
| | | **जम्मा** | | | | | |

.............................
पेश गर्ने

...........................
सदर गर्ने